सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २३५ ♦ २०८३ साल वैशाख १९ शनिवार ♦ 2 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## शल्यक्रियापछि बिरामीको मृत्यु हुँदा जनकपुरको कृष्णा अस्पतालमा तोडफोड




**खबर दर्पण समाचारदाता**
**वैशाख १८ गते, बर्दिवास**

जनकपुरधामको निजी अस्पतालमा शल्यक्रिया गरेका एक बिरामीको मृत्यु भएपछि बिरामीका आफन्तहरू आन्दोलनमा उत्रिएका छन् । कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर हस्पिटलमा महोत्तरीको बलवा नगरपालिका १ बञ्चौरीका ३६ वर्षीया रागनी देवी पासवानको मृत्यु भएको हो ।

१६ गते साँझ पित्त थैलीमा रहेको पत्थरीको शल्यक्रिया गरिएको उनको शुक्रबार बिहान ३ बजेतिर मृत्यु भएको अस्पतालले जनाएको छ। यता मृतक परिवारले उपचारमा लापरबाहीले मृत्यु भएको आरोप लगाएको छ। आक्रोशित परिवारजन र आफन्तले अस्पतालमा तोडफोड गरेका छन् ।

मृतकका ससुरा दयाराम पासवानका अनुसार गाउँकै स्वास्थ्यकर्मी राम पुकारको सल्लाहमा बुहारीलाई गत वैशाख ७ गते चेक जाँचको लागि यो अस्पतालमा ल्याइएको थियो । त्यसपछि चिकित्सक सर्जन अमरेश कर्णको सल्लाहकार बमोजिम १६ गते भर्ना गरी पित्त थैलीको शल्यक्रिया गरिएको थियो । शल्यक्रिया सर्जन कर्णको टोलीले गरेको थियो ।

ससुरा दयारामका अनुसार १ लाख २५ हजार रुपैयाँमा अस्पतालले ल्याप्रोस्कोपी विधिबाट पेटमा प्वाल गरी पत्थरी झिक्ने कुरा भएको थियो । तर चिकित्सकले पेट चिरेर शल्यक्रिया गरेर पत्तथैलीको शल्यक्रिया गर्दा मृत्यु भएको उनको आरोप छ ।

'पित्तथैली र किड्नीबाट प्वाल पारेर शल्यक्रिया गर्ने कुरा भनेपछि यहाँ अप्रेसन गराएका हौं । त्यसैले १ लाख २५ हजार मा कुरा भएको थियो । तर डाक्टरले पेट चिरेर अप्रेसन गरेपछि बुहारीको मृत्यु भएको हो,' ससुरा दयारामले भने, 'पैसा प्वाल पारेर अप्रेसन गरेको लियो । तर पेट चिरेर गऱ्यो । चिरेर अप्रेसन गराउने कुरा भएको भए गराउने नै थिएनौं ।' अप्रेसनमै लापरबाही भएको कारण बुहारीको मृत्यु भएकाले डाक्टर र अस्पताललाई कारबाही र क्षतिपूर्ति पाउनु पर्ने उनको माग छ ।

यता शल्यक्रियामा संलग्न चिकित्सक कर्णले युरेटरमा १३.७ एमएमको पत्थरी र किडनीमा सानो पत्थरी बिरामीलाई भएको पत्ता चलेपछि परिवारजन र बिरामीको सहमतिमै चिरुवा अप्रेसन गरेको बताए ।

*बाँकी पृष्ठ ३ मा*

## मधेशमा लागु औषध सेवनकर्ता खोजी तथा सुधार महाअभियान सुरु



**खबर दर्पण समाचारदाता**
**वैशाख १८ गते, बर्दिवास**

मधेश प्रदेश प्रहरी कार्यालयले लागु औषध नियन्त्रणका लागि लागु औषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान सञ्चालनमा ल्याएको छ।

मधेश प्रहरी कार्यालयले सो अभियान अन्तर्गत शुक्रबार प्रदेशका आठै जिल्लाका प्रहरी प्रमुख तथा मातहतका प्रहरी चौकीहरूलाई ब्रिफिङ गर्दै प्रहरी नायब महानिरीक्षक गोविन्द थपलियाले अभियानको औपचारिक सुरुवात भएको जानकारी दिनुभएको हो ।

अभियान अन्तर्गत सिमानाकामा लागु औषध परीक्षण केन्द्र स्थापना गरिने छ भने 'ड्रग टेस्ट किट' को प्रयोगमार्फत व्यक्तिले लागु औषध सेवन गरेको छ वा छैन भन्ने पहिचान गरिने छ । सिमानाका क्षेत्रमा नियमित आवतजावत गर्ने युवायुवतीको तथ्याङ्क सङ्कलन गरी निगरानी समेत गरिने योजना रहेको छ । त्यस्तै, लागु औषध सेवनकर्तालाई सीमा नाकामै एक घण्टे सचेतनामूलक कार्यक्रममार्फत प्रशिक्षण दिइने छ । साथै, उनीहरूको अभिलेख विवरण तयार गरी नियमित रूपमा ट्र्याकिङ गर्ने व्यवस्था समेत मिलाइने प्रदेश प्रहरी कार्यालयले जनाइएको छ ।

प्रदेश प्रहरीका अनुसार अभियानलाई प्रभावकारी बनाउन प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय तथा विभिन्न सरकारी एवं गैरसरकारी सङ्घसंस्थासँग सहकार्य गरिने छ । लागु औषध सेवनकर्ताको उपचार, सुधार र सामाजिक पुनर्स्थापनाका लागि खेलकुद, मनोरञ्जन, सीपमूलक तालिम तथा रोजगारीमूलक कार्यक्रमहरू समेत सञ्चालन गरिने छन् ।

यसैगरी, लागुऔषध ओसारपसार तथा कारोबारमा संलग्न औषधी पसल, अन्य स्थान र मुख्य कारोबारीलाई निगरानीमा राखी कडा कानुनी कारबाहीका लागि चेतावनी समेत दिइएको छ । प्रदेश प्रहरी कार्यालयले सो महाअभियानमा प्रदेश सरकार को समन्वय, स्थानीय तहको सक्रिय सहभागिता तथा सरोकारवाला निकायहरूको सहकार्यमा अघि बढाइएको जनाएको छ।

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran १०६.३ Mhz परिवर्तनकालागि

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

खबर दर्पण
राष्ट्रिय दैनिक



# गर्मीमा तरबुजाको व्यापार : ढल्केवर बन्दै प्रमुख थोक केन्द्र, दैनिक लाखौँको कारोबार

**अजयकुमार साह**

**वैशाख १८ गते, बर्दिवास**





तराई-मधेस क्षेत्रमा गर्मी चर्किँदै जाँदा रसिलो फलका रूपमा चिनिने तरबुजाको माग उल्लेख्य रूपमा बढेको छ। पूर्व-पश्चिम राजमार्गसँग जोडिएको धनुषाको ढल्केवर यतिबेला तरबुजाको मौसमी व्यापारले चहलपहल बढाएको प्रमुख केन्द्रका रूपमा देखिएको छ। यहाँ चोक-चोकमा अस्थायी टहरा निर्माण गरी तरबुजा बिक्री भइरहेका छन् भने यात्रु तथा स्थानीय उपभोक्ताको भीडले बजार व्यस्त बनेको छ। विशेषगरी बिदाका दिन र शनिबार ढल्केवरमा तरबुजा किन्नेहरूको भीड उल्लेख्य हुन्छ। राजमार्ग हुँदै आवतजावत गर्ने बस तथा निजी सवारीसाधनका यात्रुहरूले समेत यहाँ रोकिएर तरबुजा खरिद गर्ने क्रम बढ्दो छ। स्थानीय व्यापारीहरूका अनुसार अहिले बजारमा दैनिक १० लाख रुपैयाँभन्दा बढीको तरबुजा कारोबार भइरहेको छ। ढल्केवरस्थित बजारमा तरबुजा प्रतिकिलो ३० देखि ३५ रुपैयाँसम्ममा बिक्री हुने गरेको छ। कतिपय ठाउँमा टुक्रा (चाना) का रूपमा समेत २०-३० रुपैयाँमा बिक्री भइरहेको छ। यहाँ दुई दर्जनभन्दा बढी स्थानमा अस्थायी बिक्री केन्द्र सञ्चालनमा छन्।

व्यापारी उमाशंकर महतोका अनुसार माग उच्च रहेकाले आपूर्ति व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ। "दिनभरि ग्राहकको भीड लागिरहन्छ, सामान धान्नै गाह्रो भइरहेको छ," उहाँले भन्नुभयो ।

ढल्केवरमा बिक्री हुने अधिकांश तरबुजा भारतका विभिन्न सहरबाट आयात गरिने गरिएको व्यापारी घुरन दासले जानकारी दिनुभयो। दासका अनुसार उडिसा, कलकत्ता र सिलिगुडीबाट ट्रक मार्फत तरबुजा ल्याइन्छ। स्थानीय उत्पादन ढिलो आउने भएकाले तत्कालीन माग पूरा गर्न आयातमै निर्भर रहनुपरेको उहाँको भनाइ छ।

स्थानीय व्यापारी बैधनाथ चौधरीका अनुसार भारतबाट तरबुजा ल्याउँदा ढुवानीमै चारदेखि पाँच लाख रुपैयाँसम्म खर्च हुने गर्दछ। "ढुवानी खर्चका कारण आयातित तरबुजा स्थानीय उत्पादनभन्दा केही महँगो पर्न गएको छ," चौधरीले बताउनुभयो।



एक दशकदेखि तरबुजा व्यापार गर्दै आएका रामकुमार महतोका अनुसार ढल्केवर पछिल्ला वर्षहरूमा तरबुजाको महत्वपूर्ण थोक केन्द्रका रूपमा विकसित हुँदै गएको छ। "पहिले सानो व्यापार थियो, अहिले ठूलो परिमाणमा कारोबार हुन थालेको छ," उहाँले बताउनुभयो ।

केही वर्षअघिसम्म धनुषाको पूर्वी भेग, विशेषतः कमला नदी आसपासका गाउँहरूमा उत्पादन हुने तरबुजाले स्थानीय बजारको माग धान्ने गरेको थियो। तर अहिले आयातित तरबुजाको बढ्दो उपस्थितिले स्थानीय उत्पादन ओझेलमा परेको छ।

उपभोक्ताले स्थानीय उत्पादनप्रति रुचि देखाए पनि उत्पादन वृद्धि र बजारीकरणका लागि ठोस योजना अभावले समस्या देखिएको सरोकारवालाहरू बताउँछन्। स्थानीय व्यापारी विजय साहका अनुसार चिस्यान केन्द्र (कोल्ड स्टोर) स्थापना र उत्पादन प्रवर्द्धनका लागि सरकारी सहयोग आवश्यक छ।

ढल्केवर कृषि बजारका व्यवस्थापक शम्भु दासले आधुनिक कृषि प्रविधिको अभावमा स्थानीय उत्पादन घट्दै गएको उल्लेख गर्दै तरबुजा खेतीमा ठूलो सम्भावना रहेकाले स्थानीय र प्रदेश सरकारले विशेष ध्यान दिनुपर्ने बताउनुभयो।

धनुषाको पूर्वी-उत्तरी क्षेत्रका इनरुवा, मल्हनिया, सघारा, लक्कड, सिंग्याही मडान, कटरैत, धनुषाधाम, पर्वता र सिकियाही क्षेत्र तरबुजा खेतीका 'पकेट एरिया'का रूपमा चिनिन्छन्।

धनुषा कृषि ज्ञान केन्द्रका अनुसार यस वर्ष करिब ५२० हेक्टर क्षेत्रफलमा तरबुजा खेती गरिएको छ भने १९ हजार ९८ मेट्रिक टन उत्पादन भएको छ। यद्यपि, बढ्दो मागअनुसार उत्पादन अझै अपुग रहेको छ।

कटरैतका किसान इन्द्रेश यादवका अनुसार तरबुजा विशेषगरी खोलाको बालुवा वा पानी नजम्ने माटोमा राम्रो उत्पादन हुन्छ। "उपयुक्त भूमि र व्यवस्थापन भए उत्पादन अझ बढाउन सकिन्छ," उहाँले भन्नुभयो।

तरबुजा स्वास्थ्यका लागि समेत लाभदायक फलका रूपमा परिचित छ। आयुर्वेद चिकित्सक वैद्य श्याम गिरीका अनुसार तरबुजामा प्रशस्त पानीको मात्रा हुने भएकाले शरीरमा पानीको सन्तुलन कायम राख्न मद्दत गर्दछ। साथै यसमा भिटामिन, खनिज तथा एन्टिअक्सिडेन्ट तत्वहरू पर्याप्त मात्रामा पाइन्छन्।

तरबुजा खेतीको उच्च सम्भावनालाई ध्यानमा राख्दै किसानहरूले उत्पादन वृद्धि, सहुलियत ऋण तथा अनुदानको व्यवस्था गर्न सरकारसँग माग गरेका छन्। सामुदायिक वन उपभोक्ता महासंघ मधेस प्रदेशका अध्यक्ष सोमप्रसाद शर्माले मौसमी फलफूल खेती प्रवर्द्धनका लागि प्रदेश सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो ।

स्थानीय उत्पादन वृद्धि, भण्डारण तथा प्रभावकारी बजारीकरणमा ध्यान दिन सकिए ढल्केवर मात्र होइन, समग्र धनुषा जिल्लालाई तरबुजा उत्पादनको प्रमुख केन्द्रका रूपमा विकास गर्न सकिने सम्भावना देखिन्छ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सुकुमवासी परिवार...

प्रमुख जितनारायण यादव र वडाध्यक्षले बस्ती खाली गर एपछि विकल्प खोज्ने बताउँदै आउनुभएको छ । सुकुमवासीले बिनाविकल्प नहटाउन र हटाउनै परे उचित क्षतिपूर्ति वा पुनर्वासको सुनिश्चित गर्न माग गरेका छन् । बर्सौंदेखि बसोवास गर्दै आएको थातथलोबाट एक्कासि विस्थापित हुनुपर्ने अवस्थाले सबै चिन्तित देखिएका छन् ।

कमला सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख रन्धिरकुमार साहले सरकारी जग्गामा भएको अवैध अतिक्रमण हटाउने अभियान अन्तर्गत सूचना जारी गरिएको बताउनुभयो । उहाँले कार्यालयमातहतको जमिन अतिक्रमण गरी बसेकालाई हटाउन लागिएको स्पष्ट पार्नुभयो ।

# शल्यक्रियापछि बिरामीको मृत्यु हुँदा.....

'शल्यक्रिया पित्त थैलीको मात्र भयो । किड्नीको भित्र गरेको भए जोखिम हुन्थ्यो । शल्यक्रिया पश्चात् बिरामीको अवस्था समान्य थियो। खाना पनि सुरु गरिएको थियो । आज जनरल वार्डमा सिफ्ट गर्ने सेडुल थियो,' डा. कर्णले भने, 'बिहीबार राति ११ बजेसम्म पनि अवस्था समान्य थियो । राति अचानक प्रेसर कम भयो । उपच हुँदैथियो । तर मृत्यु भयो ।'

मृत्यु घटनाबाट आफू पनि चकित भएको उनको भनाइ छ । 'उपचारमा कुनै लापरबाही भएको छैन । मैले धेरै शल्यक्रिया गरेको छु । तर मेरो जिवनमा यो पहिलो घटना हो' उनले भने ।

घटनापछि अस्पतालको अवस्था बिहानैदेखि तनावग्रस्त बनेको छ । व्यापक मात्रामा प्रहरी परिचालन गरिएको छ । पोस्टमार्टम गराएर कानुनी प्रकृयामा जाने वा मिल्ने भन्ने कुरामा आफन्त र अस्पतालबीच छलफल भइरहेको छ । घटना मिलाउने प्रयास जारी छ ।

मृतकका श्रीमान राजु पासवान वैदेशिक रोजगारीमा छन् । उनका तीन छोराछोरी छन् ।

# पिपरामा ग्रामीण अल्ट्रासाउण्ड मेसिन हस्तान्तरण

**खबर दर्पण समाचारदाता**

**वैशाख १८ गते, बर्दिवास**

महोत्तरीको पिपरा गाउँपालिकाका गर्भवती महिला तथा किशोरी आमाहरूलाई लक्षित गर्दै सुरक्षित र गुणस्तरीय मातृत्व सेवा प्रवाह सुदृढ गर्न ग्रामीण अल्ट्रासाउण्ड मेसिन हस्तान्तरण गरिएको छ।सेभ द चिल्ड्रेन र रतौली युवा क्लबको साझेदारी तथा पिपरा




गाउँपालिकाको समन्वयमा सञ्चालित समुन्नति कार्यक्रमअन्तर्गत उक्त पोर्टेवल अल्ट्रासाउण्ड मेसिन गाउँपालिकालाई हस्तान्तरण गरिएको हो। मेसिन गाउँपालिका अध्यक्ष रामजानकी यादवलाई हस्तान्तरण गरिएको हो।


मेसिन बुझ्दै अध्यक्ष यादवले स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका ग्रामीण भेगका गर्भवती महिला तथा किशोरी आमाहरूलाई यसले ठूलो राहत दिने बताउनुभयो। उहाँले अब गर्भवती महिलाहरूलाई बाहिर जानुपर्ने बाध्यता अन्त्य हुने उल्लेख गर्नुभयो।अध्यक्ष यादवले विगतदेखि नै पालिकामा अल्ट्रासाउण्ड मेसिनको अभाव रहेको बताउँदै यस उपकरणले सबै वडाका गर्भवती महिलालाई नियमित जाँचमा सहजता ल्याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले न्यूनतम शुल्कमा पूर्ण सेवा उपलब्ध गराउने पालिकाको प्रतिवद्धता अनुसार सेवा विस्तार गरिने जानकारी दिनुभयो।

उहाँका अनुसार गाउँपालिकाका सातवटै वडामा पुगेर नियमित रूपमा गर्भवती महिलाको जाँच गर्ने व्यवस्था मिलाइनेछ।पिपरा जनता अस्पतालका प्रमुख डा. सन्तोष यादवले ग्रामीण अल्ट्रासाउण्ड मेसिनको प्रयोगले सरकारले तोकेको चार तथा आठ पटकको गर्भजाँच कार्यान्वयनमा सहजता आउने बताउनुभयो। उहाँले हरेक वडामा तोकिएको दिनमा सेवा सञ्चालन गरिने जानकारी दिनुभयो।

डा. यादवले समयमै गर्भावस्थाको पहिचान, आवश्यक रेफरल सेवा विस्तार , संस्थागत सुत्केरी दर वृद्धि तथा घरमै हुने सुत्केरी न्यूनीकरणमा यसले सहयोग पुऱ्याउने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "सरकारी प्रोटोकल अनुसार गर्भजाँचमा अब कुनै समस्या हुँदैन, जोखिम पहिचानमा पनि यसले सहयोग पुऱ्याउँछ।"

रतौली युवा क्लबका निर्देशक वैद्यनाथ चौधरीले मेसिन हस्तान्तरणले पालिकाका सबै सुत्केरी आमाहरूलाई लाभ पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले स्वास्थ्य संस्थासम्म मात्र सीमित सेवा अब गाउँ-गाउँमा विस्तार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

क्लबका कार्यक्रम अधिकृत पुजनारायण साहले पोर्टेवल अल्ट्रासाउण्ड मेसिनको उपयोगबारे जानकारी दिँदै ग्रामीण क्षेत्रमा समेत सहज रूपमा गर्भवतीको जाँच गर्न सकिने बताउनुभयो। उहाँका अनुसार करिब रु आठ लाख सत्तरी हजार लागतमा मेसिन खरिद गरिएको हो।




मटिहानी नगरपालिका,
महोत्तरी

पालिकाको स्थानीयलाई अनुरोध

–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेद्रका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।
–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।
–सम्बन्ध विच्छेद्रको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।
–जथाभावी पार्किङ नगरी तोकिएको स्थानमा मात्र पार्किङ गरौं।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।







रामगोपालपुर नगरपालिका,
महोत्तरी

कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिँदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

गौशाला नगरपालिका,
महोत्तरी

# सुकुमवासी परिवार बस्ती खाली गर्ने सूचनापछि त्रासमा

**खबर दर्पण समाचारदाता**

**वैशाख १८ गते, बर्दिवास**

धनुषाको गणेशमान चारनाथ नगरपालिका-७, पोर्ताहास्थित कमला सुकुमवासी बस्तीका बासिन्दा यतिबेला त्रासमा जीवन बिताइरहेका छन् । कमला सिँचाइ व्यवस्थापन कार्यालय धनुषाले गत वैशाख ३ गते बस्ती खाली गर्न सूचना जारी गरेपछि सो बस्तीका बासिन्दा त्रासमा रहेका हुन् । तीन बिघामा फैलिएको बस्तीमा विगत १२ वर्षदेखि करिब ४५ परिवार कच्ची घर निर्माण गरी बसोवास गर्दै आएका छन् । अचानक आएको सूचनाले सुकुमवासी परिवार विस्थापित हुने चिन्तामा परेको स्थानीयको भनाइ छ । बस्तीमा पासवान, मण्डल, साह, विक तथा मुस्लिम समुदायका विपन्न परिवारको बसोवास रहेको छ । स्थानीय प्रमोद साहले वैदेशिक रोजगारीका कारण ऋणको बोझले पुर्ख्यौली घरजग्गा बेचेपछि सुकुमवासी बन्नु परेको पीडा व्यक्त गर्नुभयो । साबिकको घर महोत्तरीको र तौली भएको बताउँदै उहाँले भन्नुभयो, “दुई पटक वैदेशिक रोजगारीमा गएँ । पहिलो पटक मलेसिया गएँ । कम्पनी नै बन्द भयो । दोस्रो पटक कतारमा बिरामी परेर फर्किनु पर्‍यो ।” वैदेशिक रोजगारीमा जाँदा लिएको ऋण तिर्न बुवाले दिएको पाँच कट्ठा जमिन बेच्नु परेको छ । साहले घरजग्गा बेचेपछि यहाँ बस्न थालेको बताउँदै अहिले फेरि हट्नुपर्ने अवस्थाले परिवारको भविष्य अन्योलमा परेको उहाँको भनाइ छ ।



अर्का स्थानीय धनेशकुमार साहले यो स्थान पहिले जङ्गल र झाडीले भरिएको बताउँदै आफूहरूले नै सफा गरेर बसोवास सुरु गरेको बताउनुभयो । उहाँले भन्नुभयो, “हामीले मिहिनेत गरेर बस्नलायक बनायौँ । १२ वर्षसम्म कसैले केही भनेन । अहिले आएर एक्कासि हट्न भन्दा हामी कहाँ जाने ?” उहाँले आफूहरूका लागि वैकल्पिक बसोवास वा उचित क्षतिपूर्तिको व्यवस्था गर्न सरकारसँग माग पनि गर्नुभयो । बस्तीकी लक्ष्मी विकले लहानबाट आफन्तको सल्लाहमा यहाँ आएर बस्न थालेको बताउनुभयो । उहाँले भन्नुभयो, “लामो समय यहाँ बसोवास गरेकाले मन पनि यहीँ जोडिएको छ । अब एक्कासि कहाँ जाने भन्ने चिन्ता बढेको छ ।” त्यस्तै प्रमिला देवीले आफ्नो १० जनाको परिवार यही बस्तीमा आश्रित रहेको बताउँदै सरकारसँग पुनर्वासको माग गर्नुभयो । उहाँ भन्नुहुन्छ, “हामी गरिब मान्छेको बस्ने ठाउँ छैन । यहाँबाट हटाएपछि बालबच्चासहित कहाँ जाने ? सरकारले विकल्प दिनु पर्छ ।” यहाँको समस्या जनप्रतिनिधिसमक्ष राखेको बताउँदै स्थानीयले चित्तबुझ्दो आश्वासन नदिएको उहाँले गुनासो गर्नुभएको छ । नगर

*बाँकी पृष्ठ ३ मा*


## पालिकाको स्थानीयलाई अनुरोध



–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।
–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।



–सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं ।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं ।
–जथाभावी पार्किङ नगरी तोकिएको स्थानमा मात्र पार्किङ गरौं ।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं ।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं ।



**मिथिला नगरपालिका, धनुषा**



**योग एक प्राचीन अभ्यास हो । यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ ।**

**योगका फाइदाहरू**

शारीरिक स्वास्थ्य सुधार: शरीर लचिलो र बलियो बनाउँछ
मानसिक शान्ति: तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
निद्रा सुधार गर्छ
ध्यान केन्द्रित गर्न सहयोग गर्छ

**ध्यान दिनुपर्ने कुराहरू**

खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।

**अनुरोधकर्ता :**

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा , जनकपुरधाम
मधेश प्रदेश



**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,